बराहपोखरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ
१ नं. प्रदेश, नेपाल

# बराहपोखरी गाउँपालिका अन्तर्गत विद्युत विस्तार गर्न बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/११/३०**

प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, (योजना शाखा), प्रदेश नं. १, विराटनगर, नेपालको मिति २०७५/०८/०३ च.नं.४६ को पत्रानुसार यस बराहपोखरी गाउँपालिका धाप्लाङदेखि सिन्ताङसम्म ग्रामीण विद्युत विस्तार गर्नका लागि विद्युत सामग्रीहरु पोल, तार खरिद तथा ढुवानी (HT Materials, LT Materials, Transformer and Transportation) यस कार्यालयले तयार पारेको ल.इ. बमोजिमको कार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएको हुँदा तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही इजाजत प्राप्त निर्माण व्यवसायी, फर्म, कम्पनी तथा सप्लायर्सहरुबाट रीतपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र शिलबन्दी बोलपत्र सम्बन्धी कागजात रु.३,०००।- (अक्षरुपी तीन हजार मात्र) फिर्ता नहुने गरी राष्ट्रिय वाणिज्य बैंक, दिक्तेल शाखा, खोटाङमा रहेको यस गाउँपालिकाको स्थानीय सञ्चित कोष खाता नं. २०६०३०४०१८१११ मा जम्मा गरी सोको सक्कलै भौचर यस कार्यालयमा दाखिला गरेपछि यसै बराहपोखरी गाउँकार्यपालिकाको कार्यालय, बाघखोरभन्ज्याङ, खोटाङबाट खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराम तपशिलमा उल्लेखित समय र मितिमा उपस्थित बोलपत्रदाता वा आधकारिक प्रतिनिधिको रोहबरमा बोलपत्रदाता र आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि यस कार्यालयमा खोलिनेछ ।
३. बोलपत्र फाराम खरिद गर्ने फर्म, कम्पनी वा सप्लायर्सको दर्ता इजाजत प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाण पत्र, फर्म तथा कम्पनी दर्ता वा नवीकरण र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, यस्तै प्रकृतिको विद्युत विस्तार सम्बन्धी कार्य गरेको कम्तिमा ३ (तीन) वर्ष सम्मको कार्य अनुभवको प्रमाण पेश गर्नु पर्नेछ । उल्लेखित प्रमाणका प्रतिलिपिहरु नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खरिद कर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको, सम्बन्धित पेशा वा व्यवसायमा कुनै सजाय नपाएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सुचिमा नपरेको भनी लिखित कबोल गरेको स्वघोषणा पत्र बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।
५. राष्ट्रियस्तरको 'क' वर्गको बैंक तथा वित्तिय संस्थाबाट जारी भएको बोलपत्र जमानतको मान्य अवधि कम्तीमा १२० (एक सय बीस) दिनको हुनु पर्नेछ ।
६. सिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

७. सिलबन्दी बोलपत्रमा दररेट अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षर फरक पर्न गएकोमा अक्षरलाई मान्यता दिइनेछ ।

८. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

९. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

१०. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम तथा उल्लेख नभएका कुराहरु बोलपत्र फारामसाथ उपलब्ध हुने सूचना, सम्झौता, शर्त एवम् सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रदेश सशर्त अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ र अन्य प्रचलित ऐन, नियमानुसार हुनेछ ।

११. लागत अनुमान मूल्य अभिवृद्धि कर समेत रु.१,३४,९९,१६०।३४ (अक्षरुपी एक करोड चौतीस लाख उनान्सय हजार एक सय साठी पैसा चौतीस) रहेको छ ।

तपसिल

| क.सं. | ठेक्का नं. | सिलबन्दी बोलपत्रको विषय | आवश्यक संख्या | सिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति | सिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति | सिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान | टर्न ओभर | सिलबन्दी बोलपत्र बापत राख्नुपर्ने विडवण्ड | सिलबन्दी बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ०२/२०७५/०७६ | वराहपोखरी गाउँपालिका अन्तर्गत विद्युत विस्तार कार्य | एक (१) कार्य | प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० औं दिन कार्यालय समय भित्र | प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा | प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको दिउँसो २:०० बजे यस कार्यालयमा | कम्तिमा रु.१,५०,००,०००।- (अक्षरुपी एक करोड पचास लाख) सम्मको विद्युतीकरण कार्यमा पछिल्लो तीन वर्ष) | रु.३,४१,३१९।- (अक्षरुपी तीन लाख एकचालीस हजार तीन सय उन्नाइस मात्र) | रु.३०००।- (अक्षरुपी तीन हजार मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

घनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत